# कारोबारको धितोपत्र तथा रकम बुझाउने सम्बन्धी सूचना

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) ले मिति २०७४।०३।१८ गतेदेखि नेपाल स्टक एक्सचेन्ज लि. मा सम्पन्न भएको कारोबारको राफसाफ तथा फछ्र्यौट Multiple Clearing Bank मार्फत् Net Settlement प्रणाली अनुसार गरिने व्यहोरा सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

राफसाफ बैंक तथा नेटिङ्ग प्रणाली मार्फत् गरिने अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७४ बमोजिम धितोपत्र बिक्री गर्ने लगानीकर्ताहरुले धितोपत्र तथा खरिद गर्ने लगानीकर्ताहरुले धितोपत्र खरिद बापतको रकम अब उप्रान्त कारोबार भएको दुई कार्यदिन भित्र (T+2) बुझाईसक्नु पर्ने व्यवस्था रहेको हुँदा मिति २०७४।०३।२१ गतेदेखि नै उक्त व्यवस्था लागू गरिने व्यहोरा जानकारी गराईन्छ। तोकिएको समयावधिभित्र आफ्नो दायित्व पूरा गर्न नसकी कारवाहीमा परेमा सम्बन्धित लगानीकर्ता आफैं नै जिम्मेवार हुनेछ। तसर्थ सम्बन्धित पक्षले आफ्ना ग्राहकहरुलाई सोही बमोजिम आफ्नो दायित्व पूरा गर्न गराउन समेत जानकारी गराईन्छ।

साथै राफसाफ सदस्यहरु तथा निक्षेप सदस्यहरुले समेत लगानीकर्ताहरुलाई मर्का नपर्ने गरी ऐ कार्यविधिमा तोकिए बमोजिम आफ्ना दायित्व पूरा गर्नुहुन अनुरोध गरिन्छ। राफसाफ सदस्यहरु तथा निक्षेप सदस्यहरुको लापरवाहीले गर्दा लगानीकर्ताहरुलाई क्षति हुन गएमा सम्बन्धित पक्ष नै सो को जिम्मेवार हुनेछ।

Multiple Clearing Bank मार्फत् गरिने Net Settlement प्रणाली नेपालको पूँजी बजार कै विकासमा ठूलो उपलब्धि हुने विश्वासका साथ सम्पूर्ण लगानीकर्ताहरु, सम्बन्धित निकाय तथा सरोकारवालाहरुलाई उक्त प्रणालीको सफल कार्यान्वयन गर्न सहयोय गरिदिनु हुन यसै सूचना मार्फत् अपिल गरिन्छ।

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
**चौथो तल्ला, शेयर मार्केटस् कमर्शियल कम्प्लेक्स**
**पुतलीसडक, काठमाडौं, फोन नं.: ०१-४२३८००८, ४२१६०६८, ४२४०१५०**